# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०२ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

## प्रमुख समाचार

१. पश्चिम बंगालका राज्यपाल ड़ा. सी.बी आनन्द बोसले आफ्नो कार्यकालको दुई वर्ष यसै नोभेम्बरमा पुरा गर्नुहुन्दैछ।यस अवसरमा उहाँले राज्यमा २५० गावँहरूको भ्रमण गर्ने कार्यक्रम तय गर्नुभएको छ।

२. सीबीआई ले आर.जी कर कलेज अस्पतालमा एमबीबीएम छनोट प्रक्रियामा पूर्व प्रिन्सिपल सन्दीप घोषले अनियमितता गरेको प्रमाण भेटाईएको छ।

३. कोलकतामा , फासीदेवा लगायता कतिपय ठाउँमा काली पूजा मूर्ति विर्सजन गर्दा एक विशेष समुदायद्वारा हमला। टिएमसीका विधायकहरूमाथि पनि टिएमसी का मुस्लिम नेताहरूद्वारा हमला । विपक्षी नेता षुभेन्दु अधिकारीले राज्यमा कानून व्यवस्था एकदमै विफल भएको बताउनु भएको छ।

४. अलिपुरद्वारमा फेरी एउटी नानीसंग बलात्कार र हत्यको घटना प्रकाषमा आएको छ। आक्रोषित भीड़ले आरोपीलाई कुटेर मारे।

५. आगामी १२ नोभेम्बर देखि कालेबुङ जिल्लामा सबै बुथहरूमा मतदाता सूची संशोधन गरिनेछ। यो संशोधन प्रक्रिया १२ दिसम्बर सम्म चल्नेछ।

## बंगाल राज्यपाल

पश्चिम बंगालका राज्यपाल ड़ा. सी.बी आनन्द बोसले नोभेम्बरमा आफ्नो कार्यकालको दुई वर्ष पूरा गर्नु हुन्दैछ। यस अवसरमा उहाँले व्यापक जनसर्म्पक गर्ने योजना बनाउनु भएको छ। हिजो राजभवनमा पत्रकारहरूसित कुराकानी गर्दै हाम्रो भारत- जाग्दै बंगाल नाम जसर्म्पक अभियान थाल्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो यस जसर्म्पक अभियानमा राज्यका २५० गाँवहरूको भ्रमण गर्नुहुनेछ तथा गाउँलेहरूसित प्रत्यक्ष संवाद गर्नुहुनेछ। यस बारे एक विज्ञप्ति जारी गरी राजभवन कार्यालयले भनेको छ- राज्यपालले यस जनसर्म्पक अभियानमा राज्यमा पछौटे , वंचित , आदिवासी समुदायसित विशेष भेटघ्‍ााट गर्नुहुनेछ। उहाँले आम मानिसहरूको समस्यालाई सुन्नु हुनेछ तथा सकभर समाधानको प्रयास गर्नुहुनेछ। उहाँले स्कूल-कलेजहरूको पनि भ्रमण गर्नुहुने तथा विध्यार्थीहरूसित संवाद गर्नुहुनेछ।

****** ० ******

## आरजी कर

पश्चिम बंगालको आरजी कर मेडिल कलेज तथाअस्पतालमा एमबीबीएस छनोट प्रक्रियामा अनियमितता सम्बन्धी अनुसंधानमा सीबीआईले पूर्व प्रधानाचार्य सन्दीप घोशको संलग्नताको प्रमाण फेला पारेको छ। २०२१ मा भएको यो अनियमितता पूर्व प-अधीक्षक अख्तर अलीले उजागार गरेका थिए। जसको आधामा अदालतले सीबाआईलाई छानविन गर्न आदेषि दिएको थियो। सीबीआईले २०२१ को एमबीबीएस छनोट संग सम्बन्धिता कल रेकर्ड र ध्वनि सन्देशहरू अदालतमा पेस गरिसकेको छ। हाउस स्टाफ छनोटमा पनि अनियमितता भेटिएको छ जहाँ घोषका निकट आशिष पाण्डेको नाम आएको छ। ईडीले पनि आर्थिक अनियमितताको मुद्दा दर्ता गरेको छ जसमा टेन्डरमा हेरफेर अस्पतालको जैव -चिकित्सा फोहोरको तस्करी र अंगहरूको अवैध बिक्री जस्ता आरोप छन्।

****** ० ******

## अभया काण्ड

आरजी कर बान्दोलनको क्रममा संकलित अभ्या फण्डबारे टिएमसी नवगठित जुनियर डाक्र्टस एसोसिएषन ले नाँ मांग अघि सारेको छ। एसोसिएषनले फण्डमा जम्मा भएको चार करोड़भन्दा अधिक रकम पीडितका आमाबाबालाई दिनु पेर्न मांग गरेको छ। जुनियर डाक्र्टस फोरमलेयस मांगलाई अस्वीकार गर्दै फण्ड जनताको हितमा पारदर्शिताका साथ खर्च गरिने बताउँदै बाहय फण्डको निगरानीका लागि चार्टड अकाउन्टेन्ट पनि नियुक्त गरेको छ।

****** ० ******

**शुभेन्दु- टिएमसी**

पश्चिम बंगाल राज्य विधानसभा विपक्षी नेता तथा भारतीय जनता पार्टीका विधायक शुभेन्दु अधिकारीले पश्चिम बंगाल सरकार राज्यमा कानून व्यवस्था बनाई राख्न पूर्ण रूपले विफल रहेको गम्भीर आरोप लगाउनु भएको छ। उहाँले हिजो कोलकाताको मुस्लिम बाहूल राजाबजारमा कालीपूजा पछि मुर्ति विर्सजन गर्ने क्रममा मुस्लिमहरूले गरेको हमला तथा ढुंगा -मुढ़ा , प्रतिमालाई तोड़ेर नष्ट गरेको उदाहरण दिन्दै भोट बैंकको राजनीतिले ममता व्यानर्जीले एक विशेष समुदायलाई हरेक प्रकारले छुट दिईरहनु भएको छ। उहाँले नारकेल ड़ांगामा पनि विशेष समुदायद्वारा काली माताको प्रतिमा तोड़फोड़ गरेको हिन्दुहरूमाथि हमला गरेको उल्लेख गर्नुभयो। उहाँले उत्तर बंगालको फांसीदेवामा पनि विशेष समुदायद्वारा कालीपूजामाथि हमला गरे। यो सबै घटनाहरूमा पुलिस ममता व्यानर्जीको इशारामा मौन रहेको आरोप लागाउनु भयो। यति मात्र न रहेर टिएमसी का हिन्दू विधायकहरू माथि टिएमसीका मुस्लिम नेताहरूले हालैमा गरेको हमलाले राज्यमा जेहादी प्रवृति कति र कसरी बढ़ीरहेको उल्लेख गर्नुभयो। उहाँले टिएमसी विधायकहरू उषा रानी मण्डल, सुकुमार महतो माथि टिएमसी का मुल्सिलम नेताहरूले गरेको हालैको घटनाको उल्लेख समेत आफ्नो सामाजिक संजाल पोस्टमा गर्नुभएको छ।

****** ० ******

**नाबालिका बलात्कार र हत्या**

टलिपुरद्वार जिल्लामा फेरी एउटी नाबालिकाको बलात्कार र हत्याको मामि प्रकाषमा आएको छ।यस घटनाले फालाकाटा खण्डको धरनीपुरमा तनाव उत्पन्न भएको छ। एउटी ६ वर्षीय नानीलाई कालीपुजा पण्डालदेखि मिठाई दिने निहूँमा फकाएर आफ्नो घर लगेर एकजना ४० वर्षीय व्याक्तिले बलात्कार ग गरि हत्या गरेको कुरा पुलिसले बताएको छ। हत्या गरेर सो नानीलाइ एउटा पोखरीमा फालेर आउँदै गर्दा गाउँलेहरूलाई षंका लागेर केरकार गर्दा सो आरोपीको हातमा खुल देखिेर मानिसहरूले अझ छानविन गरे तथा एसाके घरमा गएपछि रगतहरू देखेपछि रातिदेखि हराएकी नानीसित बलात्कार गरेको र हत्या गरी पोखरीमा फालेको कुरा सो व्याक्तिले स्वीकार गरेपछि गाँउले मानिसहरू जमा भएको तथा सो व्याक्तिलाई रूखमा बाँधेर कुटेको पुलिसले बताएको छ। पुलिसले बताए अनुसार आक्रोशित भीड़ले आरोपीलाई कुटेर मारे। शवलाई कब्जामा लिएर पुलिसले कारवाही थालेको जानकारी प्राप्त भएको छ। या घटनालाई लिएर बीजेपी का सांसद मनोज तिग्गा तथा अन्य भाजपा नेताहरूले राज्यमा अपराधीहरू निडर भएर एक पछि अर्को बलातकार गरी रहेका छनू, हत्या गरी रहेका छनू तर मुख्यमंत्री ममता व्यानर्जीको पुलिसले केही गर्न सकेको छेन भन्दै गम्भीर आरोप लागाएका छनू। राज्यमा कानून व्यवस्था फेल भइसकेको दावी समेत गरेका छनू।

****** ० ******

**कालेबुङ मतदाता सूची**

आउँदो १२ नोभेम्बर देखि कालेबुङ जिल्लाका सबै बुथहरूमा मतदाता सूची सारांश पुन निरीक्षण गरिनेछ। उक्त जानकारी हिजो जिल्ला शासक बाला सुब्रमनियमले दिनुभयो। उहाँले पत्रकारहरूसितको कुराकानीमा भन्नुभयो यस अवधि कसैले आफ्नो नाम मतदाता सूचीमा दर्ता गराउन चाहन्छ अथवा संशोधन वा स्थानान्तरण गराउन चाहन्छनू भने आ-आफ्नो संबधित बुथ स्तरीय अधिकारीलाई आवेदन बुझाउन सक्नेछनू। उहाँले थप जानकारी गराउदै भन्नुभयो यो पुन निरीक्षण कार्यका लागि बी.एल.ओ हरू प्रत्येक दिन १२ बजे देखि दिउँसो २ बजेसम्म बुथमा उपस्थित रहनेछनू। उहाँले १६ र १७ नोभेम्बर फेरी २३-२४ नोभेम्बर, ३० नोभेम्बर, एक दिसम्बर अनि ७-८ दिसम्बरको दिन मतदाता सूचीको रिभिजन गरिने बताउनु भयो। यी दिनहरूमा बी.एल.ओ बिहान ११ बजे देखि बेलुकी ४३ बजेसम्म बुथमा उपस्थित रहनेछनू। उहाँले अब जिल्लामा ४ खण्डमा हुने बताउनु भयो। पहिला जिल्लामा २८६ बुथ थिए।

****** ० ******